नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रूपन्देही

फोन : ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
gmail: pmamp.piu.rupandehi@gmail.com
website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## कृषिजन्य यन्त्र उपकरणको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

सुचना नं: ०४/२०७९/०८०

प्रथम पटक प्रकाशित मिति: २०७९/०६/०४

यस एकाइको चालु आ.व.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्रमा कृषि यान्त्रिकरण सहयोग कार्यक्रमको लागि माग भएका बिभिन्न किसिमका कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने कम्पनी/फर्म/आपूर्तिकर्ता/उत्पादक संस्थाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस परियोजनाको वेभसाइट piurupandehi.pmamp.gov.np बाट कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित मिति २०७९ असोज ३१ गते भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म (दशै विदा बाहेक) कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाइ, रुपन्देहीमा दर्ता गरी सक्नु पर्नेछ।

२. सिलबन्दी मूल्य सूचि प्रस्तावका साथ फर्मको ईजाजत पत्र प्रतिलिपि, मूल्य अभिबृद्धि वा प्यान प्रमाणपत्र प्रतिलिपि, २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तर चिन्ह प्रमाणपत्र प्रतिलिपि, रङ्गिन चित्र सहितको मेशिनरीको क्याटलग संलग्न राखी पेश गर्नु पर्नेछ।

३. कृषि यन्त्र/उपकरणहरुको सिलबन्दी मूल्य सूचि प्रस्ताव फारममा उल्लेख भएको सम्पूर्ण प्राविधिक स्पेशिफिकेशनको विवरण स्पष्टसँग उल्लेख गर्नु पर्नेछ। यस बाहेका प्रस्ताव फारममा छुट भएका अन्य स्पेशिफिकेसन विवरण फारममा भएको थप स्पेशिफिकेसनमा राख्न सकिनेछ।

४. स्पेशिफिकेशन अनुसार मात्र प्राप्त भएको बिभिन्न कृषि यन्त्र/उपकरणहरुको प्राप्त मूल्य सूचि तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत खरीद कार्यक्रम अगाडी बढ्नेछ।

५. यस एकाइमा सूचिकृत भएका कम्पनी/फर्म/आपूर्तिकर्ता/उत्पादक संस्थाहरुले मात्र अनुदानग्राहीहरुसँग सम्झौत गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)

नोटः थप जनाकारीको लागि परियोजना **Web: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१-५७०२०१, ०७१-५७०९१७, ९८५७०१६९१७, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ।